आज मिति २०८३।०६।१२ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री लोक राज खत्री | सदस्य-सचिब |

<u>अन्य उपस्थितिः</u>

१. बुद्दिमान गुरुङ :- वडा सदस्य

२. फुलमाया वि.क. :- वडा सदस्य

३. उद्दराम तिमिल्सिना - व.लै.अ.

४. बाबु पण्डित - व.शा.अ.

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ७६

अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष

बैठक मितिः २०८३।०६।१२

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३।०६।१२ | ११:०० बजे | गाउँपालिका अन्तर्गतका सबै सडकहरु मिति २०८३।०६।२४ गते सम्म सरसफाई गरी सञ्चालनमा ल्याउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८३।०६।१२ | ११:०५ बजे | वडा नं. २ स्थित भोटेगाउँ चर्च भवन पछाडीको पहिरो पन्छाउने कार्यको लागि रकम उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८३।०६।१२ | ११:१० बजे | वडा नं. ७ बस्ने अन्जिता तामाङकी छोरी श्रीविका तामाङको उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ३ |
| २०८३।०६।१२ | ११:१५ बजे | क्यान्सर रोगका कारण निधन भएका ४ नं. वडाका वडा सदस्य जित बहादुर मगरको काजक्रियाको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८३।०६।१२ | ११:२० बजे | सुनौलो किरण संस्था, कालिका न.पा.-१०, चितवनलाई खाद्यान्न सहयोग गर्ने सम्बन्धमा। | जिन्सी शाखा | ५ |
| २०८३।०६।१२ | ११:२५ बजे | गामबेसीको चेपाङ संरक्षण केन्द्र, र.न.पा.-११, मंगलपुर, चितवनलाई खाद्यान्न सहयोग गर्ने सम्बन्धमा। | जिन्सी शाखा | ६ |
| २०८३।०६।१२ | ११:३० बजे | २ नं. वडा कार्यालयको भवन रंगरोगन तथा शिलालेख लेखनका लागि बजेट व्यवस्थापन सम्बन्धमा। | योजना शाखा | ७ |
| २०८३।०६।१२ | ११:३५ बजे | नागरिक युवा दस्ता नेपालले पेश गरेको पदयात्रीहरुको खाना तथा बसोबास बापतको रकम भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८३।०६।१२ | ११:४० बजे | पहिरोको कारण क्षति पुगेको वडा नं. ६ बस्ने विनोद वावु पौडेलको घर तथा बाख्राको खोर निर्माणको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ९ |
| २०८३।०६।१२ | ११:४५ बजे | ३ नं. वडा निवासी सुजल चेपाङको भैंसी सुत्केरी व्यथा लागि उपचारको क्रममा मरेकोले निजलाई पशु क्षति बापत सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा। | पशु विकास शाखा | १० |
| २०८३।०६।१२ | ११:५० बजे | ४ नं. वडा निवासी लक्ष्मण थापाको ब्याउने बाख्रा बाघको आक्रमणमा परी मरेकोले निजलाई पशु क्षति बापत सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा। | पशु विकास शाखा | ११ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
नेपाल

| | | | | |
|---|---|---|---|---|
| २०८३।०६।१२ | ११:५५ बजे | वडा नं. ४ मा रहेको श्री बकुल्लाहेरी राष्ट्रिय आधारभूत विद्यालय, लेवाटारको नवनिर्मित भवनको अगाडी सिँढी निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |
| २०८३।०६।१२ | १२:०० बजे | ३ नं. वडा निवासी कृष्ण बहादुर वि.क.को घर नजिक पहिरो गई घर जोखिममा रहेकोले पहिरो रोकथामको लागि ग्याविन जाली उपलब्ध गराउने सम्बन्धमा। | जिन्सी शाखा | १३ |
| २०८३।०६।१२ | १२:०५ बजे | भाद्र १० गते भोटेकोशी हुँदै त्रिशुली नदिमा आएको बाढी र असोज ८ देखि ११ गतेसम्मको बर्षाबाट पिडितहरुको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १४ |
| २०८३।०६।१२ | १२:१० बजे | ६ नं. वडामा पर्ने जलविरे-याक्राङ-चनौटे सडक उद्घाटन स्तम्भ निर्माण र सम्मान, शिलालेख तथा कार्यक्रम खर्च बापतको रकम भुक्तानी सम्बन्धमा। | योजना शाखा | १५ |
| २०८३।०६।१२ | १२:१५ बजे | सर्पदंशको कारण मृत्यु भएका व्यक्तिको परिवारलाई सहायता उपलब्ध गराउने सम्बन्धमा। | विपद् व्यवस्थापन शाखा | १६ |
| २०८३।०६।१२ | १२:२० बजे | ७ नं. वडा कार्यालयले पेश गरेको जग्गाको तह क्षेत्र निर्धारण तथा जग्गा बर्गिकरणको मापदण्ड स्वीकृति सम्बन्धमा। | भूमी समस्या समाधान शाखा | १७ |
| २०८३।०६।१२ | १२:२५ बजे | वडा नं. ६ बस्ने मेरुदण्डको क्यान्सर रोगबाट पिडित धनबहादुर प्रजाको उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | स्वास्थ्य शाखा | १८ |
| २०८३।०६।१२ | १२:३० बजे | मिति २०८३।०६।१० को अविरल बर्षाले क्षति पुगेको वडा नं. १ मा पर्ने नमूना हात्तीबाङ्ग टोल विकास संस्था अन्तर्गत कालिङ्ग गाउँको करिब ३५ घरधुरीले प्रयोग गर्दै आइरहेको खानेपानी मर्मतको लागि आवश्यक सामग्री उपलब्ध गराउने सम्बन्धमा। | विपद् व्यवस्थापन शाखा | १९ |
| २०८३।०६।१२ | १२:३५ बजे | कार्यविधि स्वीकृत सम्बन्धमा। | कृषि विकास शाखा | २० |
| २०८३।०६।१२ | १२:४० बजे | गर्दाश देखि कापे हुँदै उपरदाङगढी जाने जाने पैदल मार्ग निर्माणको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | योजना शाखा | २१ |
| २०८३।०६।१२ | १२:४५ बजे | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २२ |

दल बहादुर गुरुङ्
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

<u>पूर्व बैठकको समीक्षा</u>

मिति २०८३।०५।१८ मा बसेको ७५ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो।

<u>मिति २०८३।०६।१२ मा बसेको ७६ औं कार्यपालिका बैठकको निर्णयहरु:</u>

<u>निर्णय नं.१:</u> वडा कार्यालयहरुले आ-आफ्नो वडामा पर्ने सडक सरसफाई गरी गाउँपालिका अन्तर्गतका सबै सडकहरु मिति २०८३।०६।२४ गते सम्म सरसफाईको कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने।

<u>निर्णय नं.२:</u> वडा नं. २ स्थित भोटेगाउँ चर्च भवन पछाडीको पहिरो पन्छाउने कार्यको लागि धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट बढिमा रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

<u>निर्णय नं.३:</u> वडा नं. ७ बस्ने अन्जिता तामाङकी छोरी श्रीविका तामाङको उपचारको लागि विपन्न नागरिक उपचार आर्थिक सहायता शिर्षकबाट प्राप्त बिल भर्पाईका आधारमा रु. २०,०००।- (अक्षरेपि बीस हजार मात्र) उपलब्ध गराउने।

<u>निर्णय नं.४:</u> क्यान्सर रोगका कारण निधन भएका ४ नं. वडाका वडा सदस्य जित बहादुर मगरको काजक्रियाको लागि बढिमा रु.२५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने।

<u>निर्णय नं.५:</u> सुनौलो किरण संस्था, कालिका न.पा.-१०, चितवनलाई शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट बढिमा रु.४०,०००।- (अक्षरेपि चालिस हजार मात्र) बरारको खाद्यान्न सामग्री खरिद गरी उपलब्ध गराउने।

<u>निर्णय नं.६:</u> गामबेसीको चेपाङ संरक्षण केन्द्र, रत्ननगर न.पा.-११, मंगलपुर, चितवनलाई शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट बढिमा रु.१,००,०००।- (अक्षरेपि एक लाख मात्र) बराबरको खाद्यान्न सामग्री खरिद गरी उपलब्ध गराउने।

<u>निर्णय नं.७:</u> २ नं. वडा कार्यालयको नवनिर्मित भवन रंगरोगन तथा भवन समुद्घाटन गर्न शिलालेख लेखनका लागि प्राविधिक स्टिमेटको आधारमा निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट बढिमा रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) रकम भुक्तानी दिने।

<u>निर्णय नं.८:</u> नागरिक युवा दस्ता नेपालको मधेश-काठमाडौं दबाब पदयात्रामा सहभागीहरुको खाना तथा बसोबास व्यवस्थापन गर्दा खर्च भएको रकम प्राप्त बिल भर्पाईका आधारमा भुक्तानी दिने।

<u>निर्णय नं.९:</u> पहिरोको कारण क्षति पुगेको वडा नं. ६ बस्ने विनोद वावु पौडेलको घर तथा बाखाको खोर पुनःनिर्माणको लागि उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट रु. १५,०००।- (अक्षरेपि पन्ध्र हजार मात्र) रकम उपलब्ध गराउने।

<u>निर्णय नं.१०:</u> ३ नं. वडा निवासी सुजल चेपाङको भैंसी सुत्केरी व्यथा लागि उपचारको क्रममा मरेकोले निजलाई पशु क्षति सहयोग बापत रु. २५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) रकम उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट उपलब्ध गराउने।

<u>निर्णय नं.११:</u> ४ नं. वडा निवासी लक्ष्मण थापाको ब्याउने बाखा बाघको आक्रमणमा परी मरेकोले निजलाई पशु क्षति सहयोग बापत रु. १०,०००।- (अक्षरेपि दश हजार मात्र) रकम उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट उपलब्ध गराउने।

<u>निर्णय नं.१२:</u> वडा नं. ४ मा रहेको श्री बकुल्लहरी राष्ट्रिय आधारभूत विद्यालय, लेवाटारको नवनिर्मित भवनको अगाडी सिंडी निर्माणको लागि प्राविधिक स्टिमेटको आधारमा शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट बढिमा रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

<u>निर्णय नं.१३:</u> ३ नं. वडा निवासी कृष्ण बहादुर वि.क.को घर नजिक पहिरो गई घर जोखिममा रहेकोले पहिरो रोकथामको लागि ४ थान ग्याविन जाली खरिद गरी उपलब्ध गराउने।

<u>निर्णय नं.१४:</u> भाद्र १० गते भोटेकोशी हुँदै त्रिशुली नदिमा आएको बाढीले घरमा क्षति पुऱ्याई प्रभावित भएको ३ नं. वडाको मौवाखोलामा बस्ने रश्मी गुरुङलाई रु.१५,०००।- (अक्षरेपि पन्ध्र हजार मात्र) र असोज ८ देखि ११ गतेसम्म

लोक ... खत्री
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

५

परेको अविरल वर्षाको कारण बाढीले जमिन कटान गरी घर नजिकैको शौचालय बगाई घरसमेत जोखिममा रहेको ६ नं. वडाको पाँचकिलोमा बस्ने किसान गुरुङलाई रु.२५,०००।-(अक्षरेपि पच्चिस हजार मात्र) रकम उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट सहायता स्वरुप उपलब्ध गराउने।

<u>निर्णय नं.१५</u>: ६ नं. वडामा पर्ने जलविरे-याक्राङ-चनौटे सडक उद्घाटनको लागि प्राविधिक लागत स्टिमेट बमोजिम तयार पारिएको स्तम्भ निर्माणको खर्च साथै सम्मान-पत्र, शिलालेख र कार्यक्रम खर्च बापतको रकम भुक्तानी दिने।

<u>निर्णय नं.१६</u>: सर्पदंशको कारण मृत्यु भएका ६ नं. वडा तुन्तेष निवासी इमान घर्तिको काजक्रियाको लागि निजको परिवारलाई उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट रु.२५,०००।-(अक्षरेपि पच्चिस हजार मात्र) रकम उपलब्ध गराउने।

<u>निर्णय नं.१७</u>: ७ नं. वडा कार्यालयले पेश गरेको जग्गाको तह क्षेत्र निर्धारण तथा जग्गा बर्गिकरणको मापदण्ड स्वीकृति गर्ने सम्बन्धमा भएको तपसिल बमोजिमको निर्णय स्वीकृत गर्ने।

<u>तपसिलः</u>

(क) साविक जुटपानी गा.वि.स. ९।ख हाल इच्छाकामना गाउँपालिका वडा नं. ७ (भालुमारा अन्तर्गत सुन्दरबस्ती, संगम र सिर्जनशील टोल) गाउँपालिकाको ग्रामिण क्षेत्र पर्ने जानकारी जिल्ला भूमि समस्या समाधान समिति चितवनलाई सिफारिस गर्ने।

(ख) साविक जुटपानी ९।ख हाल इच्छाकामना गाउँपालिका वडा नं. ७ सुन्दरबस्ती टोल पूर्वः पाखो र स्याङ्दी खोला (साविक जुटपानी ९।ख को सिमाना), पश्चिमः कालीखोला घोल, उत्तरः कच्ची मोटरबाटो र दक्षिणः विगतमा नापी भएको जग्गा संगम टोल पूर्वः कच्ची मोटरबाटो, पश्चिमः कालीखोला घोल, उत्तर विगतमा भोगचलन गरेको नापी भएको जग्गा र दक्षिणः विगतमा नापी भएको जग्गा सिर्जनशिल टोल पूर्वः स्याङ्दी खोला साविक जुटपानी ९।ख को सिमाना, पश्चिमःकालीखोला घोल, उत्तरः विगतमा नापी भएको जग्गा र दक्षिणः काली खोला सामुदायिक वनको संरक्षित वन (जंगल) चार किल्ला भित्र पर्ने सरकारी प्रकृतिको जग्गा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी हालको भू-उपयोग र जग्गाको उत्पादनशीलता समेतलाई मूल्याङ्कन गर्दा उल्लेखित क्षेत्र भित्र दुबै (कर्षि तथा आबास) प्रयोजनको जग्गा रहेको हुँदा निम्न अनुसारको आधार बमोजिम जिल्ला भूमि समस्या समाधान समिति चितवनलाई सिफारिस गर्ने।

<u>निम्न आधारः</u>

(१) <u>आवास प्रयोजनः</u>

- भालुमारा हुँदै स्याङ्दी जाने मुल बाटो र खानेपानी अफिस हुँदै स्याङ्दी जाने बाटोको दायाँ बायाँ अधिकतम १७.५ मी र ३४० ब.मी. सम्म पर्ने जग्गा।
- चार किल्ला भित्रको अन्य सडकको मवहडा पर्ने गरी संरचना (भवन, घर, टहरा आदि) तयार भएको र उपयोग गरेको क्षेत्रफल ३४० ब.मी. सम्मको जग्गा।

(२) <u>कृषि प्रयोजनः</u>

- भालुमारा हुँदै स्याङ्दी जाने मुल बाटो र खानेपानी अफिस हुँदै स्याङ्दी जाने बाटो बाहेकका अन्य बाटोको चौहदीमा बस्ति केन्द्रित नभएको र कृषि सडकको रुपमा प्रयोग भएको हुँदा बुँदा नं. १ मा उल्लेखित अवस्था बाहेकको जग्गा।

... खत्री
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष

➢ लाभग्राहीहरुको निवेदन र तोकिएको आधारसँग मिल्ने गरी उचित प्रयोजन (कृषि वा आवास वा दुवै) को निम्ति जग्गा उपलब्ध गराउनको लागि जिल्ला भूमि समस्या समाधान समिति चितवनमा सिफारिस गर्ने।

निर्णय नं.१८: वडा नं. ६ बस्ने ना.प्र.प.नं. १३०/०४६/०४७ को धनबहादुर प्रजालाई मेरुदण्डको क्यान्सर भई उपचाररत रहनुभएको र निजको परिवारको आर्थिक अवस्था कमजोर भएको कारण थप उपचारको लागि खर्च जुटाउन समस्या परेकोले उपचार सहायता बापत प्राप्त बिल भर्पाईका आधारमा रु.५०,०००।- (अक्षरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.१९: वडा नं. १ स्थित नमूना हात्तीबाङ्ग टोल विकास संस्था अन्तर्गत कालिङ्ग गाउँको करिब ३५ घरधुरीले प्रयोग गर्दै आइरहेको खानेपानीको इन टयाङ्क मिति २०८३।०६।१० को अविरल बर्षाले क्षति पुर्‍याई खानेपानी आपूर्तिमा समस्या भएकोले प्राविधिक लागत अनुमानको आधारमा खर्च लेख्ने गरी उक्त खानेपानी सञ्चालनको लागि आवश्यक सामग्री खरिद गरी उपलब्ध गराउने।

निर्णय नं.२०: आन्तरिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत गर्ने।

निर्णय नं.२१: ७ नं. वडामा पर्ने गर्दाश देखि कापे हुँदै उपरदाङगढी जाने पैदल मार्ग निर्माण कार्यको लागि प्राविधिक इस्टिमेटको आधारमा उक्त बाटो निर्माणको लागि लाग्ने जनशक्तिको ज्याला बापतको रकम भुक्तानी दिने गरी कार्य अगाडी बढाउने।

निर्णय नं.२२: इच्छाकामना गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधि, २००७९ को दफा २(३) बमोजिम तपसिल बमोजिमका कम्पनीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

(क) इच्छाकामना बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि., इच्छाकामना गाउँपालिका-४, कुरिनटार, चितवन।
(ख) कुरिनटार कन्स्ट्रक्सन प्रा.लि., इच्छाकामना गाउँपालिका-४, कुरिनटार, चितवन।

Khatri
लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर गुरुङ्ग
गाउँपालिका अध्यक्ष